# राष्ट्रिय जनगणना २०७८
# पाँचओटा विषयगत प्रतिवेदनसम्वन्धी प्रेस विज्ञप्ति

## १. राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८ नेपालको जनगणना शृङ्खलामा बाह्रौं र नेपालको संविधान बमोजिमको संघीय शासन प्रणालीपश्चात्को पहिलो जनगणना हो। नेपालमा जनगणना वि.सं. १९६८ बाट सुरु भई लगभग प्रत्येक दश वर्षको अन्तरालमा सञ्चालन हुँदै आएको छ। जनगणनामा देशको निर्धारित सिमानाभित्र निश्चित समयमा अक्सर बसोबास गरिरहेका व्यक्ति तथा परिवारहरुको जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरणहरु व्यवस्थित रूपमा संकलन, प्रशोधन तथा विश्लेषणमार्फत् सान्दर्भिक सूचक तथा तथ्याङ्क प्रकाशन गर्ने गरिन्छ। राष्ट्रिय जनगणना २०७८ मा देशभित्र अक्सर बसोबास गर्ने हरेक व्यक्ति तथा परिवार कोही नछुट्ने र कोही नदोहोरिने सिद्धान्त अवलम्वन गर्नुको साथै सबै व्यक्तिको पूर्ण सहभागिता होस् भनी जनगणनाको नारा "मेरो गणना- मेरो सहभागिता" राखी पारिवारिक तथा व्यक्तिगत विवरणहरु संकलन गरिएको थियो।

जनगणनावाट प्राप्त नतिजाका तथ्याङ्कीय र विश्लेषणात्मक प्रतिवेदनहरु क्रमैसँग विभिन्न चरणहरुमा प्रकाशन गर्ने कार्यक्रम भैरहेको छ। यस क्रममा हालसम्म ३० भन्दा बढी तथ्याङ्कीय प्रतिवेदन र चारओटा विषयगत प्रतिवेदनहरु प्रकाशन भैसकेका छन् भने थप विषयगत प्रतिवेदनहरु निकट भविष्यमा नै प्रकाशन हुनेछन्।

## २. आज सार्वजनिक गरिएका विषयगत प्रतिवेदनहरु

- Fertility in Nepal
- Internal Migration in Nepal
- International Migration in Nepal
- Demographic Dividend in Nepal
- Population Projections for Nepal, 2021-2051

## ३. विषयगत प्रतिवेदनहरुवाट प्राप्त सारसंक्षेप

### ३.१ नेपालमा प्रजनन् स्थिति (Fertility in Nepal)

**कोरा जन्मदर (CBR) र सामान्य प्रजननदर (GFR)**

कोरा जन्मदर (CBR) ले प्रति १,००० जनसङ्ख्यामा वार्षिक जीवित जन्महरूको सङ्ख्या दर्शाउँछ। वि.सं. २००९ तिर देखिएको कोरा जन्मदर ४५-५० बाट घटेर वि.सं. २०७८ सालमा प्रतिहजार १४.२ पुगेको छ। यसले स्वास्थ्य सेवामा भएको सुधार, परिवार नियोजन कार्यक्रमको प्रभावकारिता र आर्थिक विकासमा आएको सुधारलाई प्रतिविम्बित गरेको छ। ग्रामीण क्षेत्रको कोरा जन्मदर १५.७ छ भने सहरी क्षेत्रको (१३.६) छ। प्रदेशगत रूपमा यस सूचकको

मानमा उल्लेखनीय भिन्नता देखिएको छ। कोरा जन्मदर बागमतीमा सबैभन्दा न्यून (११.५) छ भने कर्णालीमा सबैभन्दा उच्च (१८.७) छ। नेपालको सामान्य प्रजननदर (GFR) ५०.२ रहेको छ जसले १५-४९ वर्ष उमेर समूहका प्रति १,००० महिलामा जन्मदरलाई जनाउँछ। सामान्य प्रजननदर कर्णाली (६७.९) र मधेस (६०.४) उच्च रहेको छ भने बागमती (३९.२) प्रदेशमा सबैभन्दा न्यून रहेको देखिन्छ। यस तथ्याङ्कले सहरीकरण र आर्थिक आयामहरूको प्रभावलाई सङ्केत गरेको छ।

### उमेर—विशिष्ट प्रजननदर (ASFR)

उमेर-विशिष्ट प्रजनन प्रवृत्तिहरूले सबै उमेर समूहमा भएको परिवर्तनलाई प्रतिविम्बित गरेका छन्। वि.सं. २०५८ देखि २०७८ सम्मको प्रवृत्ति हेर्दा २५-३९ वर्षका महिलाहरूमा प्रजननदरमा विशेष गिरावट आएको छ। किशोरावस्था (१५-१९ वर्ष) को प्रजननदर वि.सं. २०५८ मा प्रति १,००० महिलामा ७१ थियो जुन २०७८ मा घटेर ४७ पुगेको छ।यस्तो गिरावटले शिक्षाको भूमिकालाई उजागर गरेको छ। प्रजनन उमेरका खासगरी २०-२४ वर्ष उमेर समूहमा रहेका महिलाहरुमा उच्चतम प्रजननदर देखिए पनि त्यो वि.सं. २०५८ को प्रतिहजार २०३ बाट २०७८ सम्ममा घटेर १४९ पुगेको छ।

किशोरावस्था (१५-१९) का महिलाहरुको प्रजननदर पनि सोचनीय छ। विशेष गरी मधेस (८५.० जना प्रतिहजार महिला) र कर्णाली (७५.० जना प्रतिहजार महिला) प्रदेश जहाँ छिटो विवाहलगायत अशिक्षा वा न्यून शैक्षिक स्तरले यस्तो अवस्था सिर्जित भएको देखिन्छ।

### कुल प्रजननदर (TFR)

नेपाल अहिले प्रतिस्थापनस्तरको प्रजननदर २.१ भन्दा पनि तल पुगेको स्थिति छ। सबैभन्दा उच्चतम कुल प्रजननदर मधेस (२.८५) र कर्णाली (२.१९) प्रदेशमा रहेको छ भने बागमती (१.३७) र गण्डकी (१.५४) न्यून प्रजननदर रहेका प्रदेश हुन्। बागमती र गण्डकी प्रदेशमा रहेको न्यून प्रजननदरका पछाडि सहरीकरणका साथसाथै विलम्बित विवाहको भूमिका रहेको छ। माथि उल्लेख गरिएझैं सहरीकरण र ढिलो विवाहको प्रवृत्तिले गर्दा काठमाडौं जिल्ला र बागमती प्रदेशमा पनि प्रजननदर न्यून रहेको छ।

### शिशु जन्मदाको लैङ्गिक अनुपात (SRB)

शिशु जन्मदाको लैङ्गिक अनुपात (SRB) वि.सं. २०५८ मा कायम ९९.८ बाट २०७८ मा ११२ पुगेको छ। यसले व्यक्ति र दम्पतीको छोराको चाहनालाई इङ्गित गर्दछ। सातओटा प्रदेशमध्ये मधेस (११८) र सुदूरपश्चिम (११६) मा सबैभन्दा उच्च शिशु जन्मिदाको लैङ्गिक अनुपात देखिन्छ र यसो हुनुमा गर्भपतन सेवामा भएको पहुँचलाई लिन सकिन्छ। शिक्षाले प्रजननदर न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्दछ। तथ्याङ्कले औपचारिक शिक्षा नभएका महिलाहरूको औसत सन्तान सङ्ख्या २.७१ देखाएको छ जबकि स्नातक वा उच्च शिक्षाप्राप्त महिलाहरूको हकमा यो मान केवल ०.१० रहेको छ। धनी परिवारमा कम सन्तान हुने प्रवृत्ति देखिन्छ, जसले आयस्तर र प्रजननदर बिचको अन्तरसम्बन्धलाई उजागर गर्दछ।

## ३.२ नेपालमा आन्तरिक बसाइँसराइ (Internal Migration in Nepal)

### हालसम्मको आन्तरिक बसाइँसराइको धार तथा प्रवृत्ति (Stream and trends of life time internal migration)

राष्ट्रिय जनगणना, २०७८ ले हालसम्मको आन्तरिक बसाइँसराइको दर अर्थात् नेपालभित्र आफ्नो जन्म स्थान छोडी बसाइँ सर्नेको अनुपात २९.२ प्रतिशत देखाएको छ। सबैभन्दा बढी यस्तो बसाइँसराइ गर्ने जनसङ्ख्या पहाडमा देखिएको छ जहाँबाट ३२ प्रतिशत मानिसहरू सरेको देखिएको छ। यसपछि तराईबाट २८.९ प्रतिशत र हिमाली क्षेत्रबाट १३.८ प्रतिशत सरेको देखिएको छ। आन्तरिक बसाइँसराइ गर्ने अत्यधिक ३७.६ प्रतिशत महिला छन् भने पुरुषको सो दर २०.६ प्रतिशत रहेको छ। तराईमा बसाइँ सर्ने सङ्ख्या सबैभन्दा बढी अर्थात् सन् १९७१ (वि.सं. २०२८) मा ४,१०,०६४ बाट सन् २०२१ (वि.सं. २०७८) मा २०,८४,५०५ जना सरेको देखिएको छ। यद्यपि, कुल जनसङ्ख्याको तुलनामा प्रतिशतमा भने कमी आएको छ। हिमाली क्षेत्रमा बसाइँ सरी जाने वि.सं. २०२८ मा ९,६९८ (२.२५) र २०७८ मा ७५,५४२ देखिएको छ। तर, त्यो क्षेत्रबाट अन्यत्र सरी जाने अत्यधिक देखिएकोले खुद बसाइँसराइ ५,४३,९६६ ले ऋणात्मक देखिएको छ। यसरी हिमाली क्षेत्रमा बसाइँ सरी आउनेभन्दा त्यस क्षेत्रबाट अन्यत्र सरेर जाने अधिक छ। पहाडी क्षेत्रमा वि.सं. २०२८ मा ६ प्रतिशतले बसाइँसराइ गरेको देखिएकोमा २०७८ मा ३० प्रतिशत देखिएको छ जुन अङ्क वास्तवमा पहाडी क्षेत्रको काठमाडौं, पोखरा र चितवनमा सरी जानेको सङ्ख्याले प्रभावित भएको हो।

प्रदेश अनुसारको हालसम्मको आन्तरिक बसाइँसराइको आयतनलाई अध्ययन गर्दा वि.सं. २०७८ मा कुल २१,४२,३६३ जनाले एक प्रदेशबाट अर्को प्रदेशमा बसाइँसराइ गरेको देखिएको छ। यसमा महिला ११,५४,९०९ र पुरुष ९,८७,४५४ रहेका छन्। बागमती प्रदेशमा हालसम्मको आन्तरिक बसाइँसरा गरी आउनेको सङ्ख्या ११,५०,६२६ छ भने गण्डकीमा खुद ३,४३,०५० जना बराबर ऋणात्मक र कोशी प्रदेशमा पनि ३,१८,७९६ जनाले गर्दा खुद बसाइँसराइ (Net-migration) ऋणात्मक भएको देखिन्छ। बागमती प्रदेशमा बसाइँसराइ गर्नेको सङ्ख्या थपिएको तर गण्डकी र कोशी प्रदेशमा खुद बसाइँसराइ गर्नेको सङ्ख्या ऋणात्मक देखिएको छ। कुल बसाइँसराइ गर्ने व्यक्तिहरूको प्रथम छनौट बागमती प्रदेश नै देखिएको छ जहाँ ५७.६ प्रतिशत पुरुष र ५०.६ प्रतिशत महिला सरेर गएका देखिन्छन्। बागमतीबाहेक अन्य छ प्रदेशहरूमा बसाइँ सर्नेको सङ्ख्यामा महिलाहरू अधिकतम रहेका छन्। एक प्रदेशबाट अर्को प्रदेशमा बसाइँ सर्नेमध्ये सबैभन्दा बढी गण्डकीमा देखिन्छन् जहाँबाट पुरुष २३.५ प्रतिशत र महिला २५.७ प्रतिशत गएका देखिन्छन्। कोशी प्रदेशबाट १७.६ प्रतिशत पुरुष र २० प्रतिशत महिला बसाइँ सरेर गएका देखिन्छन्।

अन्तरजिल्ला बसाइँसराइको तथ्याङ्क विश्लेषण गर्दा २०७८ मा २० प्रतिशतले आफ्नो जन्म स्थान छोडि बसाइँसराइ गरेको देखिएको छ। वि.सं. २०१८ मा यो मान ४.७ प्रतिशत मात्रै थियो। देशका ७७ ओटै जिल्लाको तुलनात्मक विश्लेषण गर्दा १८ ओटा जिल्लाहरूले आफ्नो जिल्लामा जन्मिएका २० प्रतिशत जनसङ्ख्या गुमाएको देखिन्छ। कुनै पनि जिल्लाबाट बाहिर बसाइँसराइ नगरेको भन्ने स्थिति छैन। बाह (१२) ओटा जिल्लाहरू पर्सा, रौतहट, नवलपरासी (पूर्व), भक्तपुर, नवलपरासी (पश्चिम), ललितपुर, कञ्चनपुर, काठमाडौं, कैलाली, रूपन्देही, बाँके र कपिलस्तुबाट दश प्रतिशतभन्दा कम अन्यत्र जिल्लामा बसाइँ सरी गएका भेटिन्छन्।

वि.सं. २०७८ को जनगणनाअनुसार काठमाडौंमा ५७.२ प्रतिशत बसाइँसराइ गरी आएका छन्। भक्तपुरमा ५०.२ प्रतिशत र ललितपुरमा ४६.२ प्रतिशत छन् जुन हालसम्मको आन्तरिक बसाइँसराइ क सबैभन्दा उच्च दर हो। यी तीन जिल्लाबाहेक १६ जिल्लाहरूमा खुद बसाइँसराइदर धनात्मक देखिन्छ। तर, ५८ जिल्लाहरूको खुद आन्तरिक बसाइँसराइदर ऋणात्मक देखिन्छ अर्थात् बसाइँ सरी आउनेभन्दा जाने नै अधिक देखिन्छन्।

## पछिल्लो बसाइँसराइ (Recent Migration)

आन्तरिक बसाइँसराइको प्रवृत्ति अध्ययन गर्दा आफ्नो जन्म जिल्ला छोडी अर्को जिल्लामा बसाइँ सरेपछि त्यसपछि पनि फेरि अर्को जिल्लामा सरी जाने प्रवृत्ति पनि हुन्छ। यसअघिको बसोबास जन्मस्थान भएकै जिल्ला वा फरक जिल्ला जे भए तापनि कुनै व्यक्तिले त्यहाँबाट हाल अक्सर बसोबास भएको स्थानमा बसाइँसराइ गरेको रहेछ भने त्यसलाई पनि पछिल्लो बसाइँसराइ मानिएको छ।। यसरी पछिल्लोपटक उपस्थिति रहेको जिल्लामा बसाइँ सर्नेको सङ्ख्या वि.सं. २०७८ मा ८२,३९,५८९ अर्थात् कुल जनसङ्ख्याको २९.२ प्रतिशत रहेको छ।

महिलाको पछिल्लो बसाइँसराइदर ३८.२ प्रतिशत र पुरुषको १९.९ प्रतिशत रहेको छ। यसरी पछिल्लोपटकको बसाइँसराइदर पहाडी क्षेत्रमा ३१.९ प्रतिशत र हिमाली क्षेत्रमा १३.५ प्रतिशत रहेको छ। यस्तै नगरपालिकाहरूमा ३५.५ प्रतिशत र गाउँपालिकाहरूमा १७.१ प्रतिशत रहेको छ। पछिल्लोपटक बसाइँसराइ भएकाहरू बागमती प्रदेशमा सबैभन्दा बढी ४३.५ प्रतिशत, गण्डकी प्रदेशमा ३३.१ प्रतिशत र कर्णाली प्रदेशमा न्यूनतम १४.५ प्रतिशत रहेका छन्।

अन्तर भौगोलिक क्षेत्र (Inter-zonal recent migration) को पछिल्लो बसाइँसराइको विश्लेषणअनुसार पहाडी क्षेत्रबाट ३ लाख ७० हजार बाहिर अर्थात् अन्यत्र जिल्लामा गएका देखिन्छन्। अन्यत्रबाट आएका (In-migration) को सङ्ख्या ३७.९ प्रतिशत अर्थात् दुई लाख छपन्न हजार देखिन्छ। यसअनुसार पहाडी क्षेत्रले करिब १,१४,००० जना गुमाएको देखिन्छ। यस्तै, तराई क्षेत्रका जिल्लाहरूमा यस प्रकृतिको खुद बसाइँसराइ ५९ प्रतिशत देखिन्छ अर्थात् तराईले अन्य दुई भौगोलिक क्षेत्रबाट खुद दुई लाख पच्चिस हजार प्राप्त (Net Gain) गरेको देखिन्छ। यस्तो प्रवृत्तिको बसाइँसराइ तराईबाट पहाड र हिमालको धार उल्लेखनीय रहेको देखिन्छ। निसन्देह, सो बसाइँसराइको धार पहाडी क्षेत्रको काठमाडौं उपत्यका लक्षित देखिन्छ।

लैङ्गिक दृष्टिकोणबाट आन्तरिक बसाइँसराइ गर्ने पहाडी क्षेत्रमा महिला ५७.६ प्रतिशत र पुरुष ५१.३ प्रतिशत देखिन्छ। कुल बसाइँसराइ गर्नेमध्ये महिला ३१९ हजार र पुरुष २५१ हजार रहेका छन्। प्रदेशगत रूपमा विश्लेषण गर्दा बागमती र लुम्बिनी प्रदेश मात्रै खुद बसाइँसराइदर धनात्मक भएका प्रदेश हुन् बाँकी पाँचओटा प्रदेशहरूले आन्तरिक बसाइँसराइका कारण जनसङ्ख्या गुमाएका छन्। कोशी प्रदेश सबैभन्दा बढी जनसङ्ख्या गुमाउनेमा पर्दछ जसले ६८ हजार गुमाएको छ भने मधेस प्रदेशले ६४ हजार र सुदूरपश्चिम प्रदेशले १९ हजार गुमाएको देखिन्छ उपरोक्त अङ्कहरू खुद बसाइँसराइको अंक हुन्।

सहरी तथा ग्रामीण क्षेत्रअनुसार, आन्तरिक बसाइँसराइको दर गाउँपालिकाहरूको हकमा औसत १७.१ प्रतिशत र नगरपालिकाहरूको हकमा औसत ३५.५ प्रतिशत रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार आन्तरिक बसाइँसराइ गर्ने जम्मा जनसङ्ख्या १९,९४,९९६ रहेको छ जुन मूलथलोस्थित जनसङ्ख्याको ७.१ प्रतिशत हुन आउँछ। यसमध्ये महिलाको सङ्ख्या (२५.४%) जुन पुरुषको (५.२%) भन्दा करिब पाँच गुणाले बढी छ।

ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतर्फका बसाइँसराइ उल्लेख्य (५१.३%) छ। यस्तै ग्रामीण-सहरी बसाइँसराइ प्रवृत्ति भौगोलिक क्षेत्र र प्रदेशअनुसार फरक छन्। पहाड र तराईमा ग्रामीणबाट सहरी क्षेत्रतर्फको बसाइँसराइ उल्लेख्य (क्रमशः ४८.६% र ५५.५%) छन्। बागमती प्रदेशमा ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतर्फको र सहरी क्षेत्रबाट सहरी क्षेत्रतर्फकै बसाइँसराइको आयतन वा सङ्ख्या सबैभन्दा बढी छ। यस प्रदेशमा ग्रामीणबाट सहरी बसाइँसराइदर ४९.७% र सहरीबाट सहरी क्षेत्रतर्फकै दर ४४.९ प्रतिशत रहेको छ। यसको खास कारण साना सहरबाट ठुला सहरतर्फ विशेषतः काठमाडौं, ललितपुर र भक्तपुरमा प्रदेशकै अन्य सहरहरूबाट बसाइँसराइको सङ्ख्या अत्यधिक भएर हो।

उमेर समूहअनुसार विश्लेषण गर्दा ग्रामीण-सहर बसाइँसराइको धार दर्शाउने चित्र U-Shaped देखिन्छ। उमेर समूह (१०—१४) बाट सङ्ख्या वृद्धि भएर उमेर समूह (२०—२९) मा उच्च भई फेरि क्रमशः अगाडिका प्रौढ उमेर समूहमा ओरालो लागेको देखिन्छ।

भक्तपुर (१९%), ललितपुर (१४.५%) र काठमाडौं (१४.०५) जिल्ला सबैभन्दा बढी बसाइँसराइ गरी आएका (प्रापक) जिल्लाहरूमा पर्दछन् भने ताप्लेजुङ र खोटाङ (क्रमशः १७.४% र १७.१%) जिल्ला छोडी जानेहरूको दुईओटा उच्चतम जिल्लाहरूमा पर्दछन्। मनाङ र मुस्ताङ जिल्लाको जनसङ्ख्या थोरै भएर पनि हुनसक्छ बाहिर जाने र भित्रिने दरका दृष्टिकोणले सबैभन्दा कम बसाइँसराइदर भएका जिल्लाहरूमा पर्दछन्। बसाइँसराइ गरेको जिल्लामा बसोबासको समयावधि आन्तरिक बसाइँसराइ गरेका कुल जनसङ्ख्यामध्ये ७३.८ प्रतिशत (झण्डै ३ चौथाइ) ५ वर्षभन्दा बढी समयदेखि हाल बसोबास गरिरहेको स्थानमा बसेका देखिन्छन्। त्यस्तै, १ देखि ४ वर्षसम्म बसेका २१.५ प्रतिशत र एक वर्षभन्दा कम अवधिदेखि बसिरहेका ३ प्रतिशत छन्।

विगतका ६ ओटा जनगणनाको तथ्याङ्कबाट देखिएको आन्तरिक बसाइँसराइ तुलना गरेर हेर्दा त्यसको प्रवृत्तिमा अन्तर आएको देखिन्छ। वि.सं. २०२८ को जनगणनाले तराईमा सर्नेको दर ७१ प्रतिशत र पहाडमा सर्नेको दर २६.५ प्रतिशत देखाएको थियो जुन २०७८ मा आएर क्रमशः ४१.५ प्रतिशत र ५६.२ प्रतिशत हुन आएको छ। बसाइँसराइ प्रवृत्तिको यो अन्तर वास्तवमा राज्यको विकास योजनासँग सम्बन्धित देखिन आउँछ।

**बसाइँसराइको कारण**

वि.सं. २०७८ को जनगणनाले इङ्गित गरेअनुसार बसाइँ सरेकामध्ये २५.९ प्रतिशत आश्रित भएर गएका, २४.९ प्रतिशत विवाहको कारणले गर्दा बसाइँसराइ भएका, १९.२ प्रतिशत कामको अवसरका कारण र १४.१ प्रतिशत अध्ययन/तालिमका कारणले सरेका देखिन्छन्। तराईमा बसाइँ सरेकामध्ये ३१.३ प्रतिशत विवाह र २६.७ प्रतिशत आश्रित भएर गएको देखिन्छ। प्रदेशगत रूपमा विश्लेषण गर्दा बागमती र गण्डकीमा कामको अवसर प्रमुख कारण छन् भने बाँकी पाँच प्रदेशहरूमा विवाह नै प्रमुख कारण रहेको छ। वास्तवमा बसाइँसराइको कारण उमेर समूहअनुसार निकै नै भिन्न छन्। चार वर्षभन्दा मुनिका र ७५ वर्षभन्दा माथिका व्यक्ति आश्रित भएको कारणले परिवारसँग बसाइँ

सरेका छन् भने २०—२४ वर्षका महिलाहरू विवाहको कारणले र ३५—३९ वर्ष उमेर समूहमा अधिकतम कामको कारणले सरेको देखिएको छ। कम आम्दानी भएका वा गरिब समूहले विवाह र आश्रित हुनु (क्रमशः ५५.९% र १७.३%) प्रमुख कारण बताएका छन् जबकि आय समूह बढेअनुसार क्रमशः अध्ययन/तालिम र कामको अवसर (क्रमशः २०.२% र २२.९%) प्रमुख कारण बताइएका छन्।

## **३.३ नेपालमा अन्तर्राष्ट्रिय बसाइँसराइको अवस्था** (International Migration in Nepal)

### **नेपालबाट प्रवासन हुने जनसङ्ख्याको प्रवृत्ति**

**प्रवासनको प्रवृत्ति:** नेपालको प्रवासन प्रवृत्तिले वि.सं. २०५८ मा ३.३ प्रतिशत र त्यसको दुई दशकपछि २०७८ मा ७.५ प्रतिशतको अनुपस्थितदर देखाएको छ। समयको गति सँगसँगै यसमा पुरुषहरूको अनुपात अत्यधिक उच्च (८२.२%) छ भने महिलाको अनुपात पुरुषको तुलनामा लगभग पाँचगुणाले न्यून (१७.८%) रहेको देखिन्छ।

**उमेर र लैङ्गिक संरचना:** लगभग आधा (४९.४%) अनुपस्थितहरू २०-२९ वर्ष उमेर समूहमा पर्छन्। त्यसपछि ३०-३९ वर्ष उमेर समूह (१९.५%) दोस्रो र १०-१९ वर्षको उमेर समूह (१७.३%) तेस्रो क्रममा रहेका छन्। प्रारम्भिक उमेर (खासगरी बाल्यावस्था) का महिला (बालिका) हरूको अनुपात विभिन्न जनगणनामा तुलनात्मक रूपमा उच्च नै रहेको देखिन्छ। वि.सं. २०७८ को जनगणनाअनुसार ५ वर्ष र सोभन्दा मुनिको उमेर समूहमा ४५ प्रतिशत महिलाहरू अनुपस्थितको सङ्ख्याभित्र परेका छन् जबकि २०-२९ वर्ष उमेर समूहमा केवल १८ प्रतिशत महिलाहरू विदेशमा अनुपस्थित छन्।

**प्रस्थान गर्दाको उमेर**: तीन चौथाइभन्दा बढी (७५.८%) अनुपस्थितहरु १५-३४ वर्ष उमेर समूहभित्रका रहेका छन्। विदेश अनुपस्थितको दोस्रो ठुलो उमेर समूह ३५-५४ वर्ष रहेको छ जसको हिस्सा करिब १४ प्रतिशत छ भने ५५ वर्ष र सोभन्दा माथिको उमेर समूहमा केवल ०.९ प्रतिशत विदेश अनुपस्थित छन्। लैङ्गिक हिसाबले पुरुष र महिलाको विदेश जाँदाको उमेरमा विशेष भिन्नता देखिएको छैन तर ३५-५४ वर्ष उमेर समूहमा महिलाहरूको अनुपात (९.४%) भने उल्लेखनीय फरक रहेको देखिएको छ।

**परिवारको आकार र प्रकार:** विदेश अनुपस्थितमध्ये लगभग ४२ प्रतिशत जनसङ्ख्याको परिवारमा ३ देखि ४ जना मात्र सदस्यहरू रहेको देखिन्छ। एकदेखि २ जना मात्र सदस्य भएका परिवारबाट विदेश अनुपस्थित हुनेको अनुपात करिब एक चौथाइ (२३.४%) रहेको छ। यो अनुपात ५-६ जना सदस्य भएको परिवारहरुबाट विदेश अनुपस्थित हुने अनुपात (२१.९%) सँग लगभग समान छ। विदेश अनुपस्थित जनसङ्ख्यामध्ये लगभग ४३ प्रतिशतको पारिवारको प्रकार एकल प्रकृतिको छ जहाँ परिवारमुलीको रुपमा वावु वा आमा रहेका थिए। आधाभन्दा थोरै बढी (५१%) विदेश अनुपस्थितहरुको परिवारको संरचना संयुक्त प्रकारको थियो।

**घरको संरचना:** कम्तीमा एक जना विदेश अनुपस्थित सदस्य भएका परिवारहरुमध्ये करिब एक चौथाइ परिवारहरु बसिरहेको घर पक्की थियो।त्यस्तै अर्धपक्की घरमा बसोबास गरिरहेका परिवारबाट कम्तीमा एक सदस्य विदेश अनुपस्थित हुनेहरुको हिस्सा २० प्रतिशत हाराहारी थियो।

**जातजाति**: सुदूरपश्चिम प्रदेशबाट विदेश अनुपस्थितमध्ये लगभग २५ प्रतिशत पहाडी जातजातिका छन् भने करिब २० प्रतिशत लुम्बिनी प्रदेशबाट अनुपस्थित हुनेहरु थिए। झण्डै २० प्रतिशत विदेश अनुपस्थित जनसङ्ख्या क्षेत्री थिए भने यसमा पहाडी ब्राह्मणको हिस्सा १३.३ प्रतिशत थियो। विदेश अनुपस्थितमध्ये जातिका हिसाबले मगर र विश्वकर्माको हिस्सा क्रमश: ८.९ प्रतिशत र विश्वकर्माको ८.६ प्रतिशत रहेको छ। नेवार समुदायबाट विदेश अनुपस्थित जनसङ्ख्यामध्ये करिब दुईतिहाइको बसोबास सहरी क्षेत्रमा रहेको देखिन्छ। नेवार समुदायबाट जत्तिकै अनुपातमा विदेश अनुपस्थित मिजार जातिका मानिसहरु ग्रामीण क्षेत्रबाट गएका थिए। त्यस्तै विदेश अनुपस्थित मुसलमान समुदायका व्यक्तिहरुमध्ये लगभग तीनचौथाइ अर्धसहरी क्षेत्रबाट गएका देखिन्छन्।

**अनुपस्थित र शैक्षिक अवस्था**: समग्रमा लगभग ३९ प्रतिशत अनुपस्थितहरू साक्षर थिएनन्। जनगणनाको समयमा विदेश अनुपस्थित व्यक्तिहरुमध्ये निरक्षरता हुनेहरु सर्वाधिक सुदूरपश्चिम (५१.१%) मा देखियो भने दोस्रो कर्णाली प्रदेश (४६.४%) मा देखिएको छ। उच्च साक्षरताका आधारमा हेर्दा अनुपस्थितमध्ये बागमतीका ७३.६ प्रतिशत र कोशी प्रदेशका ६९.६ प्रतिशत रहेका छन्। हिमाली क्षेत्रका करिब ५१ प्रतिशत विदेश अनुपस्थितहरु निरक्षर रहेका थिए। सहरी क्षेत्रका विदेश अनुपस्थितमध्ये तीनचौथाइभन्दा बढी (७६.३%) सहरी क्षेत्रमा बसोबास गर्नेमध्येका थिए। विदेश अनुपस्थितमध्ये लगभग ४५ प्रतिशतले माध्यमिक शिक्षा पूरा गरेका थिए भने ४१.२ प्रतिशतले आधारभूत शिक्षा मात्र पूरा गरेका थिए। स्नातक तह पूरा गरेर विदेश अनुपस्थित हुनेको हिस्सा सर्वाधिक (१४.४%) बागमती प्रदेशमा रहेको थियो।

**जन्म स्थान**: विदेश अनुपस्थितमध्ये सम्पन्नताको उच्च वर्गमा पर्ने लगभग दुई-तिहाइ (६९.९%) व्यक्तिहरूको जन्म स्थान सोही स्थानीय तहमा रहेको थियो भने लगभग आधा (४४.७%) अनुपस्थितहरूको जन्म अर्को जिल्लामा थियो।

**गन्तव्य देश**: कुल अनुपस्थितहरूको १४ प्रतिशतले मध्यपूर्वी देशहरूमा प्रवासन गरेको देखिन्छ। करिब ११ प्रतिशत भारत र ३ प्रतिशत प्रशान्त महासागरीय क्षेत्रका देशहरुमा प्रवासन भएका देखिएको छ।

**अनुपस्थितिको कारण**: विदेश अनुपस्थित हुनुका मुख्य कारणहरूमा तलब/ज्याला, नोकरी, व्यापार/व्यवसाय, अध्ययन/तालिम, कामको खोजी र आश्रित हुनु रहेका छन्। कुल विदेश अनुपस्थितमध्ये ५९.८ प्रतिशतको विदेश जानुको कारण तलब/ज्याला नै रहेको देखिन्छ। त्यसैगरी २०.४ प्रतिशत अभिभावकमाथि आश्रित हुनुको कारणले र १४ प्रतिशतले काम खोज्ने उद्देश्यले विदेशमा बसाइँसराइ वा प्रवासन भएको देखिन्छ।

### नेपालमा आप्रवासनको प्रवृत्ति

राष्ट्रिय जनगणना २०७८ ले विदेशमा जन्म भएका व्यक्तिहरुको नेपालमा आप्रवासन हुने प्रवृत्ति एकपछि अर्को जनगणनामा बढ्दै गएको देखाएको छ। वि.सं. २०१८ मा यस्ता आप्रवासीहरुको सङ्ख्या ३,३७,६२० थियो भने वि.सं. २०७८ मा त्यस्ता व्यक्तिहरुको सङ्ख्या ७,३४,६६३ पुगेको छ। विदेशी नागरिकता भएका व्यक्तिहरुको हकमा ठुलो उतारचढाव देखिएको छ। वि.सं. २०१८ मा १,१०,०६१ जना विदेशी नागरिक गणनामा समावेश भएका थिए भने त्यसको २० वर्षपछि अर्थात् वि.सं. २०३८ मा सो सङ्ख्या उल्लेखनीय रुपले बढेर ४,८३,०१६ पुगेको थियो। तर, यो वृद्धि वि.सं. २०७८ सम्म कायम रहन सकेन र खुम्चिएर १,३७,२१८ भएको छ।

**जन्मेको देश र नागरिक हैसियतः** नेपालको कुल जनसङ्ख्यामध्ये २,८४,२०,३३३ जना नेपालमै जन्मिएकाहरु थिए। नेपालमै जन्मिएका यी २,८४,२०,३३३ मध्ये २,८३,९६,८२१ जना नेपाली नागरिक थिए भने २३,३५२ जना विदेशी नागरिक थिए। त्यसैगरी, कुल जनसङ्ख्यामध्ये ७३४,६६३ जना विदेशमा जन्मिएका थिए जसमा ६,२०,७८९ जना नेपाली नागरिक र १,१३,८४५ जना विदेशी नागरिक थिए।

**विदेशमा जन्मेका जनसङ्ख्याको उमेर र नागरिकताः** विदेशमा जन्मेका कुल जनसङ्ख्यामा महिलाहरुको सङ्ख्या पुरुषको तुलनामा करिब तीनगुणा बढी रहेको छ (महिला ५,४७,८३७ र पुरुष १,८६,८२६)। विदेशमा जन्मेका कुल जनसङ्ख्यामध्ये दुई तिहाइभन्दा बढी १५-५९ वर्ष उमेर समूहका देखिन्छन् भने ०-१४ वर्ष उमेर समूहका १० प्रतिशतभन्दा पनि कम देखिएका छन्। विदेशमा जन्मेका कुल जनसङ्ख्यामा सबैभन्दा उच्च (१२.७%) अनुपात २५-२९ वर्ष उमेर समूहको देखिन्छ भने सबैभन्दा कम (१.२%) अनुपात ७५ वर्ष र माथिको उमेर समूहमा पर्नेहरुको रहेको छ।

**विदेशमा जन्मिएका जनसङ्ख्याको देशगत प्रवृत्तिः** पछिल्ला सातओटा जनगणनाको तथ्याङ्कले विदेशमा जन्मिएका कुल जनसङ्ख्यामध्ये भारतमा जन्म भई नेपालमा बसोबास गरिरहेको जनसङ्ख्या अत्यधिक रहेको देखाउँछ। वि.सं. २०१८ देखि २०७८ सम्मको प्रवृत्ति हेर्दा कुल विदेशमा जन्मिएका जनसङ्ख्यामध्ये ९३ प्रतिशत भारतमा जन्म भएकाहरु देखिन्छन्। भारतमा जन्म हुनेहरुमध्ये महिलाको हिस्सा दुईतिहाइभन्दा बढी रहेको छ। अन्य देशमा जन्मेका जनसङ्ख्याको अनुपात ४ प्रतिशतको हाराहारीमा एकनास देखिएको छ तर यो वि.सं. २०७८ मा भने २.८ प्रतिशतमा झरेको छ।

**बसाइको अवधिः** यसअघिको बसोबास विदेश भई हाल बसोबास भएको स्थानमा गणना गरिएकाहरुमध्ये लगभग एकतिहाइले पछिल्लो दुई दशकभन्दा बढी समयदेखि नेपालमा बसोबास गरेको पाइन्छ भने एक चौथाइले १-५ वर्षसम्म बसोबास गरेको देखिन्छ। लगभग एकतिहाइ जनसङ्ख्या ग्रामिण क्षेत्रमा दुई दशकभन्दा बढी समयदेखि बसिरहेका छन्। उमेर समूहको आधारमा विश्लेषण गर्दा १५-५९ वर्षको उमेर समूहमा पर्ने जनसङ्ख्याको लगभग एकतिहाइले १० देखि २४ वर्षसम्म हाल बसोबास भएको स्थानमा बसिरहेको देखिन्छ। यसैगरी ०-१४ वर्षको समूहको लगभग ४४ प्रतिशतले १-४ वर्षसम्म मात्र बसोबास गरेका छन्। लगभग ३६ प्रतिशत जनसङ्ख्या जसको उमेर ६० वर्ष र सोभन्दा माथि थियो, तिनले पाँच दशकभन्दा बढी समयदेखि हालको स्थानमा बसिरहेको अवस्था छ। लगभग एकतिहाइ आप्रवासीहरू १०-२४ वर्षसम्म हालको स्थानमा बसेका देखिन्छन्। एक वर्षभन्दा कम अवधिदेखि हालको स्थानमा बसोबास गर्नेहरुको अनुपात सबैभन्दा कम रहेको छ।

**आप्रवासनका कारणहरूः** लगभग ४५ प्रतिशत आप्रवासीहरू वैवाहिक कारणले आफ्नो हाल बसोबास रहेको स्थानमा बसिरहेका देखिन्छन् भने विदेशबाट घर फर्किएकाहरुको हिस्सा २५.४ प्रतिशत रहेको छ। आफ्नो अभिभावक वा नातेदार वा कोही संरक्षकमाथि आश्रित भई आप्रवासन हुनेहरुको हिस्सा १०.५ प्रतिशत र काम/रोजगारीका लागि यहाँ आप्रवासन गर्नेहरु ९.४ छन्। गणना गरिएका लगभग तीन चौथाइ (७३.४%) महिलाहरु हाल बसोबास गरिरहेको स्थानमा आप्रवासी हुनुको कारण विवाह रहेको छ। यसैगरी कोशी (३६.२%), मधेश (८५.३%) र लुम्बिनी (५२.२%) प्रदेशहरूमा बसोबास गर्ने महिला आप्रवासीहरुको मुख्य कारण वैवाहिक नै रहेको छ। भौगोलिक

क्षेत्रका हिसाबले तराईमा लगभग दुईतिहाइ जनसङ्ख्या विवाहको कारणले हाल बसोबास भएको स्थानमा बसेका छन् र यसमा महिलाहरुकै हिस्सा सर्वाधिक छ।

**प्रवासन र आप्रवासनदरः** नेपालको प्रवासनदर प्रतिहजार जनसङ्ख्यामा ७.५ जना रहेको छ। खुद प्रवासनदर अर्थात् आउने र जानेबिचको अन्तर ऋणात्मक अर्थात् -५ प्रतिहजार जनसङ्ख्यामा पुगेको छ। प्रवासनदर नगरपालिकाहरूमा १.६ प्रतिहजार रहेको छ भने पहाडी क्षेत्रमा प्रतिहजार ८.४ रहेको छ। प्रदेशअनुसार हेर्दा सुदूरपश्चिम प्रदेशमा १२.७ प्रतिहजार देखिन्छ।

आप्रवासनदर तुलना गर्दा नगरपालिकाहरूमा प्रतिहजार २.६ जना र तराई क्षेत्रमा प्रतिहजार ३.८ जना रहेको छ। प्रदेशअनुसार हेर्दा प्रतिहजार ३.९ जनासहित मधेश प्रदेशमा उच्च पाइएको छ। कुल बसाईँसराइको सन्दर्भमा उच्चतम अन्तर्राष्ट्रिय बसाईँसराइ भएका क्षेत्रमा तराई (१०.८) र सुदूरपश्चिम प्रदेश (१३.८) रहेको देखिन्छ। खुद प्रवासनदर ऋणात्मक छ किनभने नेपालबाट बाहिरिनेहरुको सङ्ख्या नेपालमा भित्रिनेहरुको सङ्ख्याभन्दा निकै नै उच्च रहेको छ। खुद अन्तर्राष्ट्रिय बसाईँसराइदर पहाडी क्षेत्रमा ऋणात्मक रही प्रतिहजार -७.३ जना र सुदूरपश्चिम प्रदेशमा पनि ऋणात्मक नै रही प्रतिहजार -११.७ जना देखिएको छ। ऋणात्मक खुद अन्तर्राष्ट्रिय बसाईँसराइदरले तत् तत् क्षेत्रबाट देशमा फर्की आउनेभन्दा देशबाट बाहिर जानेको अधिकतम सङ्ख्यालाई प्रतिविम्बित गर्दछ।

**अन्तर्राष्ट्रिय बसाईँसराइ र जनसङ्ख्या वृद्धिः** नेपालका ३४ जिल्लाहरूमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ जसको औसत वृद्धिदर -०.६७ छ। यी ३४ जिल्लाहरूको कुल जनसङ्ख्यामा लगभग १० जनामा १ जना, अर्थात् ९.५ प्रतिशत जनसङ्ख्या अनुपस्थित छन्। यस आँकडामा, पुरुषहरुको नै बाहुल्यता रहेको छ जसले कुल जनसङ्ख्यामा १६ प्रतिशत हिस्सा ओगट्न पुगेको देखिन्छ भने ती क्षेत्रका महिलाहरुको कुल जनसङ्ख्यामा केवल ३ प्रतिशत मात्र विदेश अनुपस्थित अर्थात् अन्तर्राष्ट्रिय बसाईँसराइ भएका देखिन्छन्। धनात्मक जनसङ्ख्या वृद्धिदर भएका बाँकी सबै जिल्लाहरूको औसत जनसङ्ख्या वृद्धिदर १.४६ प्रतिशत छ।

### ३.४ नेपालमा जनसाङ्ख्यिक लाभांश (Demographic Dividend in Nepal) :

जनसाङ्ख्यिक लाभांश भन्नाले जनसङ्ख्याको उमेर संरचनामा आउने परिवर्तनका कारण प्राप्त हुने आर्थिक वृद्धिको सम्भावनालाई जनाउँछ। कुनै मुलुक जहाँ जन्मदरमा कमी आएको छ र काम गर्ने उमेरको जनसङ्ख्यामा वृद्धि भएको छ भने त्यहाँ जनसाङ्ख्यिक लाभांशको स्थितिको सम्भावना हुन्छ र त्यसबाट प्राप्त हुने परिणाम भनेको आर्थिक वृद्धि र जनताको जीवनस्तरमा हुने गुणात्मक सुधार हो। यसले एक किसिमको समयआबद्ध जनसाङ्ख्यिक लाभांश उपलब्ध गराउँछ।

यस प्रतिवेदनमा जनसङ्ख्याको उमेर संरचनामा आएको परिवर्तनलाई जनसङ्ख्या वृद्धिदर, उमेर संरचना, आश्रित जनसङ्ख्याको अनुपात, काम गर्ने उमेरको जनसङ्ख्या आदिको आधारमा मापन गरिएको छ। जनसाङ्ख्यिक संरचनाको परिवर्तन वास्तवमा जन्मदर, मृत्युदर, आन्तरिक बसाईँसराइ, अनुपस्थित जनसङ्ख्या, श्रमशक्ति सहभागिता, सम्पत्ति सूचकाङ्क, कुल गार्हस्थ्य उत्पादन र कुल बचतदर आदिसँग अन्तर सम्बन्धित हुन्छ। जनसाङ्ख्यिक लाभांश विभिन्न तथ्याङ्कका आधारमा भिन्नभिन्न तरिकाले मापन गर्न सकिन्छ। सामान्यतया निम्न पाँच विधिहरू मापन कार्यका लागि प्रचलनमा रहेका छन्।

- आर्थिक दृष्टिकोणले सक्षम वा काम गर्ने उमेर (१५—६४) समूहको जनसङ्ख्या आश्रित जनसङ्ख्या (१५ वर्ष मुनिका बच्चाहरू र ६५ वर्ष र सोभन्दा माथिका) भन्दा अधिक रहे नरहेको गणना गरी,
- जब १५ वषमुनिका बच्चाको जनसङ्ख्या ३० प्रतिशत भन्दा कम र ६५ वर्ष र सोभन्दा माथिका ज्येष्ठ पिँढीको जनसङ्ख्या १५ प्रतिशतभन्दा कम रहेको अवस्थाको विश्लेषण गरी,
- काम गर्ने उमेर वा आर्थिक दृष्टिकोणले सक्रिय जनसङ्ख्याको वृद्धिदर कुल जनसङ्ख्याको वृद्धिदरसँग तुलना गरी,
- काम गर्ने उमेरको जनसङ्ख्या (१५ वर्षमुनिका बालबालिकामा पर्ने जनसङ्ख्या) भन्दा छिटो वृद्धि भए नभएको विश्लेषण गरी, र
- आश्रित जनसङ्ख्या र काम गर्ने उमेरको जनसङ्ख्याको समूहको अनुपात ६० (साठी) अर्थात् १०० जना आर्थिक रूपले सक्रिय जनसङ्ख्याको तुलनामा आश्रित जनसङ्ख्या ६० पुगेको अवस्थाको विश्लेषण गरी।

नेपालका जनगणनाहरूबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा वि.सं. २००९/११ देखि २०७८ सम्म  नै काम गर्ने उमेरको जनसङ्ख्या आश्रित जनसङ्ख्याभन्दा अधिक अनुपातमा रहेको देखिएको छ जुन वि.सं. २०७८ मा ६५.२ छ। त्यस्तै १५ वर्ष मुनिका र ६५ वर्षमाथिको जनसङ्ख्याको अंश क्रमशः २७.८ र ६.९ रहेको छ। यसअनुसार नेपाल जनसाङ्ख्यिक लाभांशको चरणमामा वि.सं. २०७६ मा प्रवेश गर्ने र  वि.सं. २१०८ मा बाहिरिने देखिन्छ। अर्को परिदृष्य अर्थात् कुल जनसङ्ख्याको वृद्धिदर (०.९२ प्रतिशत) को तुलनामा काम गर्ने उमेरको जनसङ्ख्याको वृद्धिदर (१.७५ प्रतिशत) बढी रहेको अवस्था अनुसार मुलुक जनसाङ्ख्यिक लाभांशको चरणमा २०४८—२०५८ मा प्रवेश गरिसकेको र वि.सं. २०९१ मा बाहिरिने अपेक्षा छ। त्यस्तै आर्थिक रूपले सक्षम जनसङ्ख्याको ऋणात्मक वृद्धिदर (—१.२५) को विश्लेषणको आधारमा मुलुक वि.सं. २०४८—२०५८ को मध्यतिर जनसाङ्ख्यिक लाभांशको चरणमा प्रवेश गरिसकेको र सो स्थिति वि.सं. २१०८ सम्म रहने अपेक्षा गरिन्छ। आश्रित जनसङ्ख्याको अनुपात जुन वि.सं. २०७८ मा ५३.३ थियो, त्यसको आधारमा नेपाल वि.सं. २०७४ तिरै प्रवेश गरेको र वि.सं. २१०८ भन्दा केही परसम्म सो स्थिति रहनेछ जतिखेर सो अनुपात ६० को नजिक रहनेछ। उपरोक्त विश्लेषणको आधारमा अहिले नेपाल जनसाङ्ख्यिक लाभांश प्राप्त अवधिको करिब करिब मध्यावधिमा रहेको अनुमान गर्न सकिन्छ। यस समयमा आर्थिक रूपले सक्रिय हुनसक्ने ठुलो जनसङ्ख्याको समूह उपलब्ध छ। सङ्क्षेपमा स्थितिको आँकलन गर्दा नेपाल वि.सं. २०४८ देखि २०५८ को बिचमा लाभांशको स्थितिमा प्रवेश गरेको र सो स्थिति वि.सं. २१०८ को वरिपरि अथवा ५०-५५ वर्षको समयावधिसम्म रहनेछ।

जनगणनाबाट प्राप्त जनसङ्ख्या, उमेरगत विवरण, वैवाहिक स्थिति, जन्म, मृत्यु, बसाइँसराइ (आन्तरिक तथा बाह्य), अनुपस्थित जनसङ्ख्या, शैक्षिक तथ्याङ्क आदि विश्लेषण गर्दा जनसाङ्ख्यिक लाभांश र ती चर (variable) हरू बिच अन्तरसम्बन्ध स्थापित हुन्छ। यद्यपि, श्रमशक्ति सहभागिता र जनसाङ्ख्यिक लाभांश बिचको सम्बन्ध व्याख्या गर्न कठिन देखिएको छ। आर्थिक तथ्याङ्कको थप अध्ययन गर्दा काम गर्ने उमेर समूहका जनसङ्ख्यामाथिको भार (आश्रित जनसङ्ख्या) कम हुँदै जाँदा आर्थिक वृद्धिलाई टेवा पुग्ने देखिएको छ। मुलुकको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको वृद्धि र आश्रित अनुपातको विपरीत सम्बन्ध वि.सं. २०४८ देखि देखिन थालेको हो।

विश्लेषणको क्रममा जनसाङ्ख्यिक लाभांश सूचकहरू (Demographic dividend index-DDI) पनि तयार गरिएका छन्। उक्त सूचक बालविवाहको अनुपात, विद्यालयमा खुद उपस्थितिदर, रोजगारी, तालिम, युवा, उमेर समूह र लैङ्गिक

आधारमा तयार गरिएको एक संयुक्त सूचकाङ्क हो जुन शून्य (०) देखि (१००) सम्मको दायरामा रहन्छ। नेपालको उक्त सूचक २०७८ मा ७०.० देखिएको छ। उक्त सूचकअनुसार ठुलो सङ्ख्याले जनसाङ्ख्यिक लाभांशको बढ्दो सम्भावना र सानो सङ्ख्याले न्यून सम्भावनालाई इंगित गर्दछ। नेपालको सूचक ७०.० को अङ्कले जनसाङ्ख्यिक लाभांशको स्थितिले मध्यावधि चरण पार गरिसकेको जनाउँछ। त्यस्तै, अर्को सूचक जनसाङ्ख्यिक लाभांश प्रयास (Demographic dividend effort index-DDEI) पनि तयार गरिएको छ जुन शून्य (०) देखि दश (१०) सम्मको दायरामा रहन सक्छ। यस सूचकले जनसाङ्ख्यिक लाभांशको उपयोगको अवस्थालाई जनाउँछ। यो पनि एक किसिम संयुक्त सूचक हो, जसमा मातृशिशुको स्वास्थ्य अवस्था, शिक्षा, परिवार नियोजन, महिला सशक्तीकरण, श्रमबजारको अवस्था, सुशासन र आर्थिक प्रतिष्ठानहरूको प्रभावकारी उपयोग बारेका मानहरू प्रयोग गरिएको हुन्छ। नेपालले यस सूचकमा ६.० अङ्क प्राप्त गरेको अवस्था छ अर्थात् २०७८ मा जनसाङ्ख्यिक लाभांशको उपयोगको सम्भावनाको करिब ६० प्रतिशत मात्र उपयोग गर्न सकेको देखिन्छ।

### ३.५. नेपालको जनसङ्ख्या प्रक्षेपण, वि.सं. २०७८ — २१०८ (Population Projections for Nepal, 2021-2051)

**भविष्यको जनसाङ्ख्यिक परिदृष्यको परिकल्पना**

आगामी दिनमा नेपालको जनसाङ्ख्यिक गतिशीलता (Population dynamics) र परिदृष्यको बारेमा सरकारी निकाय (मन्त्रालय, विभाग, प्रादेशिक कार्यालय तथा स्थानीय तह) का पदाधिकारीहरू, विज्ञ तथा प्राज्ञिक समुदायसँग समेत गरिएको अन्तरक्रियाको आधारमा निम्नानुसारको संभाव्य परिदृष्यहरू (Scenario) को परिकल्पना गरिएको छ।

**मध्यम परिदृष्य (Medium scenario) - प्रगतिउन्मुख नेपालः** औसत आशावादी प्रक्षेपणअनुसार नेपाल अहिलेकै विकासपथमा क्रमशः स्वास्थ्य सेवा, शैक्षिक स्थिति, पूर्वाधार निर्माण तथा आर्थिक अवसरको अवस्था उपलब्ध गराउँदै अगाडि बढ्नेछ। जन्मदर (प्रजनन) क्रमशः घट्दै जानेछ, जीवनप्रत्याशामा (आयु) सुधार हुनेछ र बसाइँसराइको क्रम यस्तै नै रही सहरीकरण हुँदै जानेछ। परिणामतः ग्रामीण क्षेत्रमा खाली घरहरूको सङ्ख्यामा वृद्धि हुनेछ।

**उच्चतम परिदृष्य (High scenario) - समृद्ध र दिगो नेपालः** तीव्र सामाजिक आर्थिक विकास, प्रविधिमा छलाङ मार्ने संभावना, पूर्वाधारमा तीव्र विकास, सहरीकरणमा वृद्धि र आर्थिक सम्पन्नताले महिला सशक्तीकरण (Women empowerment), स्वास्थ्य सेवा तथा शैक्षिक स्तर वृद्धि हुँदै जन्मदरमा तीव्र कमी आउनेछ। ग्रामीण-सहरी सम्पर्क सहज हुनाले आन्तरिक बसाइँसराइमा स्थिरता आउनेछ।

**न्यून परिदृष्य (Low scenario) - अतिकम विकसित यथावत नेपालः** युवाको विदेश प्रवासन यथावत रहने, कमजोर आर्थिक वृद्धि, वृद्ध जनसङ्ख्यामा क्रमिक वृद्धि आदिले जन्मदरमा अस्थिरता, आश्रित वृद्ध जनसङ्ख्यामा वृद्धि, बसाइँसराइको प्रवृत्ति झन् खराब हुने तथा देश विप्रेषणमा थप निर्भर हुने र श्रमशक्ति निर्यातको स्थिति झन् खराब हुनेछ।

**वैकल्पिक मध्यम परिदृष्य (Alternative medium scenario):** वाह्य विश्वजनित झड्काको प्रभाव, जलवायु परिवर्तन, भूराजनीतिक स्थितिमा परिवर्तन, सामाजिक रूपान्तरण, उल्टो बसाइँसराइ (साबिक थलोमा फर्किने अवस्था)

प्रवृत्तिको प्रारम्भ, आर्थिक विविधीकरण र नवीनता (Innovation) ले प्रभावित आर्थिक वृद्धिको अवस्था सिर्जना हुनेछ।

**प्रक्षेपणका प्रमुख नतिजाः**

**जनसाङ्ख्यिक संरचनाः** मध्यम परिदृष्यअनुसार नेपालको जनसङ्ख्या वि.सं. २०७८ को २ करोड ९२ लाखबाट वि.सं. २१०८ मा ३ करोड ३५ लाख पुग्नेछ जसको औसत वार्षिक वृद्धिदर (०.३५—०.५५%) सम्म रहनेछ। त्यस्तै उच्च परिदृष्यमा जनसङ्ख्या ३ करोड ४४ लाख र औसत वार्षिक वृद्धिदर (०.३९—०.६४%) रहनेछ। न्यून परिदृष्यअनुसार जनसङ्ख्या ३ करोड ४ लाख र औसत वार्षिक वृद्धिदर (०.२९—०.५३%) को दायरामा रहनेछ। सबै परिदृष्यअनुसार आश्रित जनसङ्ख्याको अनुपात वि.सं. २१०२ सालमा न्यूनतममा रहनेछ र त्यसपछि क्रमशः वृद्धि भई आश्रित अनुपात पूर्ण रूपले बढ्ने छ। मध्यम परिदृष्यबमोजिम प्रत्येक १०० जना काम गर्ने उमेर समूहका व्यक्तिहरूमा ४८ जना आश्रित रहनेछन् जुन अन्य परिदृष्यमा ४७.५ र न्यून परिदृष्यमा ४६.७ जना रहनेछ। सबै प्रदेशहरूमा आश्रित अनुपात घट्नेछ। कोशी, बागमती, गण्डकी र लुम्बिनीमा आश्रित अनुपात वि.सं. २१०२ सालमा सम्मै घट्नेछ र तत्पश्चात् सुस्त गतिले बढ्नेछ। तर, मधेस, कर्णाली र सुदूरपश्चिममा आश्रित अनुपात वि.सं. २१०२ सालपछि पनि घट्दै जानेछ।

**प्रजनन स्थितिः** सबै परिदृष्यहरूमा प्रजननदरमा कमी आउने प्रक्षेपण गरिएको छ। विशेषतः उमेर समूहअनुसारको प्रजननदरमा (ASFR) आउने कमीले वास्तवमा बच्चा पाउने उमेर ढिलो हुँदै जाने देखिन्छ। जन्मको समयमा हुने लैङ्गिक अनुपात (SRB) ११३ बाट वि.सं. २०८८ सालमा ११९ मा बढ्ने देखिन्छ। तत्पश्चात् क्रमशः कमी आएर १०३ बाट वि.सं. २१०८ मा १०७ मा लगभग स्थिर रहने देखिन्छ।मध्यम परिदृष्य अनुसार वि.सं. २०७८ को ५लाख २७ हजारको जन्म सङ्ख्याबाट वि.सं. २१०८ मा ३ लाख ६८ हजारमा ओरालो लाग्दै करिब ३०.२ प्रतिशतले कमी आउने देखिन्छ। सबैभन्दा बढी बच्चा पाउने उमेर २५ हुने देखिन्छ। कुल प्रजननदर (TFR) १.७२ रहने र बच्चा पाउने सरदर उमेर MACB २९.२ वर्ष रहने देखिन्छ। उच्च परिदृष्यअनुसार वि.सं. २१०८ मा जन्म सङ्ख्यामा करिब ३१.७ प्रतिशतले कमी आउने देखिन्छ जसले TFR १.६४ मा ओरालो लाग्ने र बच्चा पाउने औसत उमेर MACB सन् २१०८ मा २९.१ वर्ष रहने देखिन्छ। यस्तै न्यून परिदृष्य जनसङ्ख्या वि.सं. २१०८ सम्ममा ४४.१ प्रतिशतले कमी आउने, TFR १.५२ मा झर्ने र बच्चा पाउने औसत उमेर २९ वर्ष पुग्नेछ।

**मृत्युदरः**

मृत्युको प्रवृत्ति प्रक्षेपण गरिएअनुसार सुधार हुँदै महिला पुरुष दुवैको आयु लामो हुनेछ। निसन्देह लैङ्गिक अन्तर कायम रही पुरुषको आयु महिलाको भन्दा छोटो हुनेछ।तीनओटै परिदृष्यअनुसार मृत्युको सङ्ख्या बढ्दै जानेछ। विशेषतः ७० वर्ष नाघेका वृद्धसङ्ख्याको मध्यम परिदृष्यअनुसार वि.सं. २१०८ मा ३ लाख ६ हजारको मृत्यु हुनेछ। न्यून परिदृष्यअनुसार ३ लाख ३६ हजार र उच्च परिदृष्यअनुसार ७५ हजारको मृत्यु हुनेछ। सबै परिदृष्यअनुसार जीवनप्रत्याशा वा औसत आयु बढ्ने देखिन्छ। मध्यम परिदृष्यअनुसार वि.सं. २१०८ मा औसत आयु ७७ वर्ष पुग्नेछ। उच्च परिदृष्यअनुसार औसत आयु ७९.५ वर्ष र न्यून परिदृश्यअनुसार औसत आयु ७४.४ वर्ष पुग्नेछ।

मध्यम परिदृष्यअनुसार वि.सं. २१०८ मा शिशु मृत्युदर (Infant Mortality Rate IMR) ७.३ जना प्रतिहजार जीवित जन्ममा झर्ने देखिन्छ। बाल मृत्युदर (१-४ वर्ष) १.७ जना प्रतिहजार बच्चामा र पाँच वर्षमुनिका बच्चाहरूको मृत्युदर (U5MR) ८.९ (प्रतिहजार जीवित जन्म) मा झर्ने देखिन्छ।

### अनुपस्थित र फर्किने जनसङ्ख्या (Absent population and returnees)

जनसङ्ख्या प्रक्षेपणको अभ्यासले अनुपस्थित जनसङ्ख्या र तिनको प्रवासमा काम गर्ने समयावधि साथै फर्किने सम्भावना समेतलाई अध्ययन गरेको छ। सबै परिदृष्यअनुसार अनुपस्थित जनसङ्ख्याको अधिक अंश उमेर समूह २०–४० मा पर्दछन् र त्यसमा अत्यधिक पुरुष छन्। मध्यम परिदृष्यअनुसार वि.सं. २०७८ मा १८ लाख २० हजार अनुपस्थित जनसङ्ख्या प्रक्षेपण अवधिको मध्यमा ३४ लाख १० हजार र वि.सं. २१०८ मा २५ लाखमा झर्ने प्रक्षेपण छ। उच्च परिदृष्यअनुसार वि.सं. २०८८ मा ३१ लाख २० हजार र तत्पश्चात् वि.सं. २१०८ मा २० लाख ४० हजार पुग्नेछ। त्यस्तै न्यून परिदृष्यअनुसार धेरै सङ्ख्यामा प्रवासनमा जाने भई वि.सं. २०९८ मा ३९ लाख अनुपस्थित रहने र सो सङ्ख्या वि.सं. २१०८ सालमा ३८ लाख १० हजारमा झर्नेछ। प्रदेशगत प्रक्षेपणअनुसार कोशी र सुदूरपश्चिममा मध्यम तथा उच्च परिदृष्यमा अनुपस्थित जनसङ्ख्या क्रमशः घट्ने र न्यून परिदृष्यमा अझ बढ्ने अनुमान छ। सबै परिदृष्यमा कामको खोजी र शैक्षिक उद्देश्यका कारण पुरुषको अनुपस्थित सङ्ख्या अधिक नै रहनेछ। मध्यम परिदृष्यअनुसार फर्किने जनसङ्ख्या वि.सं. २०७८ को ९५ हजारबाट २०९८ मा २ लाख ५ हजार र तत्पश्चात् वि.सं. २१०८ सालमा २ लाख ३ हजार हुनेछ।

### प्रवासनमा जाने जनसङ्ख्या (Emigrants)

जनगणनाको तथ्याङ्कले २०–४० उमेर समूहका युवा विदेश जानेमा अधिक रहेको देखिन्छ। मध्यम परिदृष्यअनुसार वि.सं. २०८८ मा प्रवासनमा जाने सो उमेर समूहको जनसङ्ख्या उच्चतम अर्थात् ६१ हजार हुने देखिन्छ र तत्पश्चात् वि.सं. २१०८ मा ४९ हजारमा झर्नेछ। उच्च परिदृष्यअनुसार २०८८ मा सो सङ्ख्या ६८ हजार र वि.सं. २१०८ मा ५७ हजार पुग्ने देखिन्छ। न्यून परिदृष्यअनुसार वि.सं. २१०८ मा ६९ हजार पुग्नेछ जसमा महिलाको सङ्ख्या अधिक हुनेछ।

प्रदेशहरूबाट हुने प्रवासनको प्रक्षेपणअनुसार बागमती (२१,७६६), कोशी (७,८३८) र गण्डकी (७,०९८) अगाडि पर्ने देखिन्छ जबकि मधेस, कर्णाली र सुदूरपश्चिमबाट तुलनात्मक रूपमा कम हुनेछ।

### आप्रवासी जनसङ्ख्या (Immigrants)

आप्रवासन अर्थात् विदेशबाट आउनेको सङ्ख्या मध्यम परिदृष्यअनुसार वि.सं. २०७८ मा ९,१७४ को सङ्ख्याबाट वृद्धि भएर वि.सं. २१०८ मा १८,३५३ पुग्नेछ जसमा महिला र पुरुषको सङ्ख्या बराबर जस्तो हुनेछ र अधिकांश २०–४० उमेर समूहका हुनेछन्। उच्च परिदृष्य अनुसार वि.सं. २१०८ मा उक्त सङ्ख्या करिब दोब्बरले वृद्धि भएर ३६,७०७ पुग्नेछ। जबकि न्यून परिदृष्यअनुसार उक्त सङ्ख्या ९,१७७ मा सीमित हुने देखिन्छ। प्रदेशगत मध्यम प्रक्षेपणअनुसार कोशीमा १,८९९ बाट ३,७९८ र बागमतीमा १,६४७ बाट ३,२९३ पुग्नेछ। उच्च परिदृष्यअनुसार कोशीमा ७,५९७ र बागमतीमा ६,५८७ पुग्नेछ। जबकि न्यून परिदृष्यअनुसार सबै प्रदेशहरूमा नगण्य मात्रामा मात्रै वृद्धि हुने वा शून्य वृद्धि हुनेछ।

धन्यवाद!

**थप जानकारीको लागि सम्पर्कः**

श्री ढुण्डिराज लामिछाने
उपप्रमुख तथ्याङ्क अधिकारी तथा प्रवक्ता
मोबाइल नं.: ९८४१४१४३१२

श्री राजन सिलवाल
निर्देशक (जनसङ्ख्या शाखा)
मोबाइल नं.: ९८४१३३४४९६

राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौं
मितिः २०८१ चैत्र १२ गते, मंङ्गलवार

E-mail: info@nsonepal.gov.np, Website: www.nsonepal.gov.np
E-mail: popcen@nsonepal.gov.np, Website: www.censusnepal.cbs.gov.np